# विद्यालय विकास प्रस्ताव

विद्यालय विकास प्रस्ताव र विद्यालय सुधार योजना एउटै होइनन् । विद्यालय सुधार योजनामा परिस्थित विश्लेषण गरिन्छ, समस्या पहिचान गरिन्छ, सुधारको लक्ष्य र लक्ष्य हासिल गर्न गर्नुपर्ने कोशिश (इन्टरभेन्सन)हरुको कार्यसूची तयार गरिन्छ । तर विद्यालय विकासमा विद्यालयको विकासका लागि कुनै एउटा दर्शन र सिद्धान्तमा आधारित रही अवस्था पहिचान सहितको दूरदृष्टि, नतिजा, रणनीति, कार्यनीति र तार्किक ढाँचाको कार्ययोजनालाई प्रस्ताव स्वरुप पेस गरिन्छ ।

विद्यालय सुधार योजना विद्यालयले तयार गर्ने सङ्गठनात्मक दस्तावेज हो । यसमा सङ्गठनले अनुभूत गरेको सङ्गठनात्मक तथा प्रणालीगत आवश्यकता (अरगनाइजेसनल र सिस्टम निड ) प्रतिविम्बित हुन्छ । तर विद्यालय विकास प्रस्ताव विद्यालयमा प्रधानाध्यापक हुन चाहने एक शिक्षकले प्रतिस्पर्धाका लागि पेस गर्न तयार गर्ने परिकल्पना हो । यसमा एक प्राज्ञिक व्यक्तिले अनुभूत गरेको आवश्यकता (परसिभ्ड निड) झल्किएको हुन्छ । विद्यालय विकास प्रस्ताव सेवा प्रवेशसँग सम्बन्धित छ तर विद्यालय सुधार योजना विद्यालयमा प्रधानाध्यापकको टिकाउसँग । शिक्षण सुधार योजना विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी गर्न शिक्षकले बनाउने योजना हो । यसमा आफूले शिक्षण गर्ने विषयहरुमा हालको सिकाइ उपलब्धि र वृद्धि गर्ने सिकाइ उपलब्धिको लक्ष्य र ती लक्ष्य प्राप्तिका लागि शिक्षकले कक्षामा अपनाउने कार्यनीतिहरु उल्लेख गरिन्छ ।

# नीतिगत प्रावधान

शिक्षा नियमावली, २०५९ को नियम ९३ को उपनियम ३,४,५ र ६ मा प्रधानाध्यापक हुनका लागि शिक्षकले विद्यालय विकास प्रस्ताव सहित दरखास्त दिने, उक्त छनौट समितिले प्रस्तावको मूल्याङ्कन गर्ने र प्रस्तावमा रहेका सुचकहरु पूरा गर्ने कार्यदक्षता करार गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्ने प्रावधान छ । नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ (पहिलो संशोधन २०७५ सहित) निर्देशन नं. ८.१ को (ख) मा नमुना तोकिएका विद्यालयमा विद्यालय प्रधानाध्यापक करारमा नियुक्ति गर्न प्रधानाध्यापक हुन चाहनेले विकास प्रस्ताव पेस गर्नुपर्ने र उक्त प्रस्तावको मूल्याङ्कनका आधारमा मात्र प्रधानाध्यापक नियुक्त गर्ने प्रावधान छ ।

# विद्यालय विकास प्रस्तावको ढाँचा

विद्यालय विकास प्रस्तावको कार्यमूलक ढाँचा प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम, २०६६ ले पहिलोपटक जारी गरेको थियो । त्यसपछि शिक्षा नियमावली, २०५९ (छैठौँ संशोधन २०६७) को नियम ९३ को उपनियम (३) प्रधानाध्यापक नियुक्तिका लागि निवेदन सहित विद्यालय विकासको प्रस्ताव पेस गर्नुपर्ने प्रावधान आयो । प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम, २०७३ ले २०६६ को प्रधानाध्यापक तालिम पाठ्यक्रममा तोकिएको ढाँचालाई निरन्तरता दियो । त्यसपछि बनेको नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ ले केही फरक किसिमको ढाँचा प्रस्तुत गरेको छ ।

शिक्षा नियमावलीमा दिइएको कार्यढाँचा:

(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था

(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि

(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सुचकगत अन्तर

(घ) अपेक्षित उपलब्धि हासिल गर्ने स्त्रोत पहिचान सहितको कार्य योजना र

(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरु ।

प्रधानाध्यापकहरुको सेवाकालीन तालिम पाठ्यक्रममा दिइएको ढाँचा: विद्यालयको नाम, विद्यालयको पृष्ठभूमि (विद्यालय विकास योजनाको औचित्यपूर्ण परिचय, स्थापना, कार्यक्षेत्र, दूरदृष्टि, लक्ष्य तथा प्रमुख क्रियाकलाप), प्रमुख विद्यमान अवस्था, समस्या तथा चुनौतीहरु (विद्यालय विकासका पक्षहरु, तिनका सबल पक्ष, र तत्कालिक योजना, आगाम दुई वर्षका लागि सुधारका क्षेत्रहरु), लक्ष्य निर्धारण (अपेक्षित नतिजा, कार्यहरु, कार्य प्रक्रिया, समयावधि, सूचक), विद्यालय विकासका पक्षहरु, विद्यालयसँग सम्बन्धित योजना निर्माण, स्रोत व्यवस्थापन, शिक्षक विकास तथा पेसागत सहयोग, विविधता व्यवस्थापन, विभिन्न निकायहरुसँगको समन्वय, शैक्षणिक व्यवस्थापन तथा अन्य विविध पक्षहरु ।

# नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिकामा दिइएको ढाँचा :

परिचय, दूरदृष्टि, लक्ष्य, उद्देश्य, विद्यालयको विद्यमान अवस्था,  प्रस्तावित योजना, वार्षिक कार्यान्वयन योजना र संस्थागत क्षमता विकास ।

# मूल्याङ्मन आधार र महत्व

शिक्षा नियमावलीको अनुसूची १३ मा कुल १०० पूर्णाङ्कमध्ये विद्यालय विकास प्रस्तावका लागि १४ अङ्क तोकिएको छ ।

नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिकाको अनुसूची-८ मा ७० अङ्क भार प्रदान गरिएको छ ।

प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम, २०७३ को पाठ्यक्रममा अनिवार्य परियोजना कार्यका रुपमा २.५ अङ्क राखिएको छ ।

## विद्यालय सुधार योजना

## पञ्चवर्षीय योजनाको ढाँचा

(............देखि ........... सम्म)

हाम्रो भनाइ
योजनाको सारांश
विषय-सूची

**१. विद्यालयको परिचय**
- १.१ ऐतिहासिक पृष्ठभूमि
- १.२ भौगोलिक अवस्था
- १.३ विद्यालय रहेको समुदायको बनोट
- १.४ विद्यालय सेवा क्षेत्र
- १.५ विद्यालयमा सञ्चालित कार्यक्रम

**२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया**
- २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा
- २.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

**३. विद्यालयको अवस्था विश्लेषण**
- ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण
- ३.२ मुख्य समस्या र समाधानका उपायहरू

**४. योजना निर्माण**
- ४.१ विद्यालयको दूरदृष्टि
- ४.२ उद्देश्य
- ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण
- ४.४ लक्ष्य निर्धारण
- ४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण
- ४.६ पाँच वर्षका लागि बजेट अनुमान

**५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना**
- ५.१ विस्तृत कार्यकलाप र बजेट
- ५.२ वार्षिक कार्य तालिका
- ५.३ अनुगमन योजना

**अनुसूची**
1. विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि
2. विद्यालय सुधार योजना स्वीकृतिको निर्णय प्रतिलिपि
3. विद्यालय स्वःमूल्याङ्कन रुजुसूची

# विद्यालय सुधार योजना

## वार्षिक कार्यान्वयन योजनाको ढाँचा

(वर्ष : ....... )

**१. परिचय**
- १.१ विद्यालयको दूरदृष्टि र उद्देश्य
- १.२ योजनाको पृष्ठभूमि
- १.३ शैक्षिक तथ्याङ्क

**२. गत वर्षको प्रगति समीक्षा**

**३. चालु वर्षको योजना तर्जुमा**
- ३.१ लक्ष्य निर्धारण
- ३.२ अनुमानित आय
- ३.३ विस्तृत कार्यकलाप र बजेट
- ३.४ वार्षिक कार्य तालिका
- ३.५ अनुगमन योजना

**अनुसूची**
- १) वार्षिक कार्यान्वयन योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि
- २) वार्षिक कार्यान्वयन योजना स्वीकृतिको निर्णय प्रतिलिपि